नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
**पाठ्यक्रम विकास केन्द्र**
सानोठिमी, भक्तपुर

## पाठ्यपुस्तक छपाइ तथा वितरणकालागि मुद्रक तथा वितरक फर्म/संस्थाहरू नवीकरण/सूचीकरण गरिएको सूचना

(प्रकाशन मिति : २०७९।११।३)

पाठ्यक्रम तथा पाठ्यसामग्री विकास तथा वितरण निर्देशिका, २०७९ बमोजिम शैक्षिक सत्र २०८० का लागि देशभरका विद्यालयमा कक्षा एकदेखि पाँचसम्मका चार रङका पाठ्यपुस्तक र अन्य पाठ्यसामग्री छपाइ गरी बिक्री वितरण गर्न इच्छुक मुद्रक तथा वितरकहरूलाई आफ्नो प्रोफाइलसहित नवीकरण तथा सुचीकरणकालागि प्रस्ताव पेस गर्न यस केन्द्रबाट मिति २०७९।१०।७ गते सूचना प्रकाशित गरिएअनुसार तोकिएको म्यादभित्र रितपूर्वक नवीकरण/सूचीकरणकालागि प्रस्ताव पेस गरेका, तोकिएको मापदण्ड पूरा गरेका देहायबमोजिमका फर्म/संस्थाहरूलाई निर्देशिकाको परिच्छेद ११ को दफा ३४ बमोजिम गठित मुद्रक तथा वितरक सूचीकरण सिफारिस समितिले गरेको सिफारिस बमोजिम सोही निर्देशिकाको दफा ३५(१) बमोजिम श्रीमान् महानिर्देशकज्यूको मिति २०७९।११।३ गतेको निर्णयानुसार नवीकरण/सूचकिरण गरिएकाले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

डा. बाबुराम ढुङ्गाना
निर्देशक
निर्देशक

**नवीकरणकालागि सिफारिस गरिएका फर्म/ संस्थाहरू**

| सि.नं. | फर्म/संस्थाको नाम | ठेगाना |
|---|---|---|
| १. | ओमशिव प्रिन्टिङ प्रेस | क्षेत्रपाटी |
| २. | समा प्रिन्टर्स प्रा.लि. भैसेपाटी | ललितपुर |
| ३. | लोकेन्द्र प्रिन्टिङ प्रेस एन्ड पब्लिकेसन प्रा.लि. | धनगढी, कैलाली |
| ४. | जगदम्बा पब्लिकेशन प्रा.लि. | धनगढी, कैलाली |
| ५. | सहयात्रा प्रिन्टर्स एन्ड पब्लिसर्स प्रा.लि. | विराटनगर |
| ६. | हंसवाहिनी प्रिन्टर्स एन्ड पब्लिकेसन प्रा.लि. | विराटनगर |
| ७. | मनकामना प्रिन्टर्स एन्ड पब्लिसर्स प्रा.लि. | कटहरी, मोरङ |
| ८. | साइनो छापाखाना | विराटनगर |
| ९. | नयाँमुलुक प्रकाशन प्रा.लि. | नेपालगन्ज, बाँके |
| १०. | चिरायु प्रेस एन्ड पब्लिसिङ प्रा.लि. | चाँगुनारायण, भक्तपुर |
| ११. | कालिका प्रिन्टिङ एन्ड प्याकेजिङ प्रा.लि. | चितवन |
| १२. | सुदिपा ट्रडिङ कम्पनी प्रा.लि. | बल्खु, काठमाडौं |
| १३. | स्वर्गद्वारी अफसेट प्रेस प्रा.लि. | काठमाडौं |

नवीकृत तथा सूचीकृत फर्म/संस्थाहरूले कक्षा एक देखि पाँचसम्मका पाठ्यपुस्तकका मुद्रणीय प्रति (Print Ready copy/PRC) को छपाइ अनुमति प्राप्त गर्न यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र तपसिलबमोजिमको धरौटी र राजस्व रकम तोकिएको खातामा जम्मा गरी सक्कल भौचर यस केन्द्रमा पेस गर्न सम्वन्धित सबैमा जानकारीका लागि अनुरोध गरिन्छ ।

**(क) धरौटी सम्बन्धमा**

नवीकृत फर्म/संस्थाले विगत वर्षमा जम्मा गरेको अद्यावधिक धरौटी भौचरको प्रमाणित प्रतिलिपि यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र यसकेन्द्रमा पेस गर्नुपर्ने छ ।

**(ख) राजस्व सम्बन्धमा**

नवीकृत तथा सूचीकृत फर्म/संस्थाहरुले परिवर्तन नभएको मुद्रणीय प्रतिका हकमा प्रतिपुस्तक रू. ५०००।- (पाँचहजार) र परिवर्तित मुद्रणीय प्रतिका हकमा प्रति पुस्तक रू. १००००।- (दश हजार) का दरले प्रत्येक विषयको मुद्रणीय प्रति प्राप्त गर्नकालागी नेपाल बैङ्क लिमिटेड कमल विनायक भक्तपुरमा रहेको राजस्व शीर्षक १४२२३, राजस्व खाना न. (शिक्षा क्षेत्रको) 00101000000001001001, कार्यालय कोड: ३५००२३३०१ मा नगद जम्मा गरेको सक्कल भौचर केन्द्रमा पेस गर्नुपर्ने छ ।

**द्रष्टव्य** : छपाइ तथा वितरण सम्बन्धमा सिफारिस भएका फर्म/संस्थाहरूको यस केन्द्रबाट अनुगमन तथा निरीक्षण हुँदा नवीकरण/सूचीकरण भएका फर्म/संस्थाहरूले नवीकरण/सूचीकरणकालागि पेस गरेका प्रस्तावमा पेस भएको विवरणबमोजिम भएको नपाइएमा वा सो बमोजिम कार्य गर्न प्राविधिक रूपमा सक्षम भएको नपाइएमा त्यस्ता फर्म/संस्थाको नवीकरण / सूचीकरण जुनसुकै बखत रद्द गर्न गरिने छ ।

**थप जानकारीका लागि सम्पर्क** : फोन नं.६६३४९१६, ६६३०५८८,
नोटिस बोर्ड १६१८०१६६३०७९७,
websit: www.moescdc.gov.np